# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

अर्थ मन्त्रालयका नवनियुक्त सचिव श्री शान्तराज सुवेदीले २०६९ कार्तिक १४ गते नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको सदस्य पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले सञ्चालक श्री सुवेदीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भएको हो । शपथ ग्रहणपश्चात् सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले देशको वित्तीय तथा मौद्रिक व्यवस्थापनका क्षेत्रमा नवनियुक्त सञ्चालकबाट उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो ।



प्यूठान जिल्ला दाङ्गबाङ्ग गा. वि. स. स्थायी ठेगाना भएका नवनियुक्त सञ्चालक श्री सुवेदीले त्रिभुवन विश्वविद्यालयबाट एम. ए., एम. बि. ए., एम. पि. ए. तथा बि. एल.को शैक्षिक उपाधि हासिल गर्नुभएको छ । उहाँ नेपाल सरकारको निजामती सेवामा २०४९ सालमा प्रवेश गर्नुभएको हो । उहाँले सरकारी सेवाको अधिकांश समय अर्थ मन्त्रालयमा व्यतीत गर्नु भएको छ । उहाँसंग थाईल्याण्ड, फिलिपिन्स, मलेसिया, श्रीलंका, बंगलादेश, भारत, चीन, तान्जानिया र संयुक्त अरब ईमिरेटस् लगायतका देशको भ्रमणको अनुभव पनि छ । आर्थिक, व्यवस्थापकीय र प्रशासनिक क्षेत्रका दर्जनौं अनुसन्धानात्मक रचनाहरु प्रकाशित गर्नुभएका श्री सुवेदीले यस अघि जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी, नेपाल वायुसेवा निगम र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालकको जिम्मेवारी पनि पूरा गरिसक्नु भएको छ ।

सञ्चालक श्री सुवेदीको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

२०६९ कार्तिक १५, बुधबार

गभर्नरको कार्यालय